## अनलाइन सञ्चारमाध्यम दर्ताका लागि आवश्यक कागजात तथा प्रक्रियाः-

आवश्यक कागजातहरुः-

छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ तथा छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ (दोस्रो संशोधन, २०८२) अनुसारः

१. नियमावलीको अनुसूची -८.क बमोजिम स्पष्ट डोमेन खुल्ने गरी निवेदन,

२. संस्था दर्ता प्रमाणपत्र, साथै १ बर्ष नाघेका संस्थाको कम्पनी अध्यावधिक पत्र, Audit Report र शेयर लगत विवरणसमेत,

३. अनलाइन पत्रिका, इ-म्यागजिन वा न्यूजपोर्टल सञ्चालन गर्ने उद्देश्यसहितको संस्थाको प्रबन्धपत्र र नियमावली, **(घरेलु तथा साना उद्योगमा** दर्ता भएकोमा समेत अनलाइन सञ्चारमाध्यम सन्चालन गर्ने उद्देश्य हुनुपर्नेछ ) **(पत्रिकाको हकमा** पत्रिका स्थायी दर्ता प्रमाणपत्र र अनलाइन पत्रिका सञ्चालन गर्ने भनी जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र समावेश गर्नुपर्नेछ)

४. संस्था सञ्चालकहरुको नागरिकताको प्रतिलीपी,

५. कम्पनी सञ्चालक समितीको बैठकको निर्णय (**माइन्युट**),

- Domain name खुल्नेगरी अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने निर्णय,
- दुई वा सो भन्दा बढी सञ्चालक रहेको अवस्थामा एकजनालाई अनलाइनको सञ्चालक तोकिएको निर्णय,
- सम्पादक नियुक्तिको निर्णय,
- अनलाइनलाई सूचना तथा प्रसारण विभागमा दर्ता गर्ने निर्णय गरेको हुनुपर्ने।

६. सम्पादकको नागरिकताको प्रमाणपत्र, नियुक्तिपत्र (नियुक्तिको प्रकार, तलब तथा सेवासुविधा खुल्नेगरी हाम्रो वेवसाइडको डाउनलोडमा भएको नमूना बमोजिम) र SLC/SEE देखि आम सञ्चार वा पत्रकारिता विषय भएमा स्नातक तहसम्मको सबै certificate (**character certificate** सहित) तथा आम सञ्चार वा पत्रकारिता बाहेक अन्य विषयमा स्नातक भएको हकमा स्नातक सकेर कम्तिमा ५ वर्षसम्म पत्रकारिता सम्बन्धी काम गरेको सम्बन्धित संस्थाको अवधि स्पष्ट खुल्ने प्रमाणित अनुभव पत्र समेत समावेश गर्नुपर्नेछ ।

(नोटः विदेशमा अध्ययन गरेकाको हकमा प्रत्यक तहका लागि नेपाल सरकारबाट **मान्यता तथा समकक्षता निर्धारण** गरिएको पत्र समावेश गर्नुपर्नेछ)

७. स्थायी लेखा नम्बर/मूल्यअभिवृद्धि कर प्रमाणपत्र,

८. Public Domain Details record (whois.com/godaddy.com वा अन्य आधिकारिक डोमेनको whois विवरण देखिने गरी) :

- Domain update रहेको देखिनुपर्ने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
२०३५

- Domain को Registrant Contact मा सञ्चालकको नाम, Organization मा कम्पनीको नाम र ठेगाना, फोन नं र इमेल लगायतका विवरण देखिने हुनुपर्नेछ ।

९. अनलाइनको दरबन्दी विवरण, श्रमजिवी विवरण र प्रतिबद्धता पत्र, (नोटः कम्तीमा ३ जना श्रमजिवी (सम्पादक र प्रेस प्रतिनिधि) र न्युनतम तलब १७,६२५ हुनुपर्नेछ )

१०. पाँच जना सम्म श्रमजीवी विवरण रहेकोमा खाता विवरण तथा **पाँच जना भन्दा बढि** श्रमजिवी रहेकोमा बैङ्किङ प्रणालीबाट पारिश्रमिक भुक्तानी गरेको प्रमाणित विवरण,

**नोटः-**

- नियुक्तिपत्र, दरवन्दी विवरण, श्रमजिवी विवरण, प्रतिवद्धता पत्र र खाता विवरण हाम्रो वेवसाइडको डाउनलोडमा भएको नमुना बमोजिम लेटरप्याडमा बनाई सञ्चालकले सहीछँप गर्नुपर्नेछ ।
- सबै कागजातहरु सक्कलै प्रतिबाट scan गर्नुपर्नेछ, यदि प्रतिलिपीबाट scan गर्नुपरेमा नोटरी पब्लिकबाट प्रमाणित गराएर मात्र पेश गर्नुपर्नेछ ।

**प्रक्रियाः-**

- www.doib.gov.np मा गएर अनलाइन सेवाको प्रेस तथा अनलाइन छनोट गर्ने,
- अनलाइन सेवाभित्र अनलाइन सन्चारमाध्यम छनोट गर्ने,
- Registration Type मा New Registration छनोट गर्ने,
- सञ्चालकको Photo and Signature upload गरी Online Form मा Domain and Email बाहेक सबै विवरण नेपालीमा भर्ने (अंकसमेत),
- आवश्यक कागजातहरुको 5 mb सम्मको pdf file बनाएर तोकिएको स्थानमा अपलोड गर्ने
- सबै कागजातहरु अपलोड गरी submit गरेपछि Confirmation Number प्राप्त हुन्छ सो number लाई सुरक्षित राखी समय समयमा form को last मा रहेको yellow box मा number राखी view गर्नुहोला र कागजात नपुगेको वा नमिलेको सूचना आएमा पुन मिलाएर पेश गर्नुहोला। कागजातहरु पुरा भई निवेदन स्वीकृत भएको सूचना आएपछि proceed for payment भन्नेमा गई तोकिएको दस्तुर (रु.५०००) बुझाउनुहोला ।
- दस्तुर भुक्तान भएपछि सञ्चालकले २ वटा फोटो लिएर विभागमा अनलाइन दर्ता प्रमाणपत्र लिन आउनुहोला ।
- अनलाइन दर्ता तथा नवीकरण सम्बन्धमा कुनै जानकारी लिनु परेमा ०१-५९१९८९३ मा सम्पर्क गर्नुहोला ।
- अनलाइन नवीकरणको हकमा दर्ता गर्दाको confirmation number बाट नै नवीकरणको लागि पेश गर्नुपर्नेछ । साथै दरबन्दी तथा श्रमजिवी विवरण विभागको दरबन्दी विवरणमा चालु आ.व.को विवरण पेश गरी प्राप्त confirmation number/code अनलाइन नवीकरणको फर्ममा माग गरिएको स्थानमा भर्नुपर्नेछ र सो बमोजिमको खाता

विवरण/payroll, प्रतिवद्धतापत्र पेश गर्नुपर्नेछ । सबै कागजातहरु approved भएपछि proceed for payment मा गई तोकिएबमोजिमको दस्तुर बुझाउनुहोला ।

- विभागबाट अनलाइन नवीकरण भइसकेपछि विभागमा आएर वा विभागमा सम्पर्क गरी सम्बन्धित जिल्ला हुलाक कार्यालयमार्फत अनलाइन दर्ता प्रमाणपत्रमा नविकरण विवरण जनाउन सकिनेछ ।

## अनलाइन सञ्चारमाध्यको सम्पादक परिवर्तनका लागि आवश्यक कागजातहरु:-

- संस्थाको लेटरप्याडमा नियमावलीको अनुसूची -८(ङ) बमोजिमको निवेदन,
- पहिलेको सम्पादकको राजिनामा पत्र,
- माइन्युटको प्रतिलिपि (सम्पादकको राजिनामा पत्र स्वीकृत गर्ने र नयाँ सम्पादक नियुक्तिको निर्णय भएको),
- सम्पादकको नियुक्तिपत्र,
- सम्पादकको नागरिकताको प्रतिलिपि,
- सम्पादकको शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (एसएलसी/एसईई देखि आम सञ्चार वा पत्रकारिता विषयमा स्नातक तह उत्तीर्ण गरेको Character Certificate सहित सबै प्रतिलिपिहरुमा सम्पादकले सक्कल बमोजिम नक्कल सही छ भनि प्रमाणित गरेको),
- अनलाइन दर्ता प्रमाणपत्र ।

## अनलाइन सञ्चारमाध्यमको संस्थाको नाम वा ठेगाना परिवर्तनका लागि आवश्यक कागजातहरु:-

- संस्थाको लेटरप्याडमा नियमावलीको अनुसूची -८(च) बमोजिमको निवेदन,
- पुरानो संस्थाबाट अनलाइन सञ्चारमाध्यम विक्रि वा हस्तान्तरण गर्ने निर्णयको प्रतिलिपि,
- अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगान परिवर्तन, विक्री तथा हस्तान्तरण गर्ने व्यहोराको पन्ध्र दिने सूचना कम्तीमा तीनवटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित (पहिलो पटक प्रकाशन भएको सूचना भुक्तान भएपछि दोस्रो पटक सूचना प्रकाशन र दोस्रो पटक प्रकाशन भएको सूचनाको अवधि भुक्तान भएपछि तेस्रो पटक सूचना प्रकाशन भएको हुनुपर्ने)
- सूचना प्रकाशित भएको मितिले पैंतालीस दिनभित्र उक्त अनलाइन सञ्चारमाध्यम विरुद्ध कुनै उजुरी नपरेको वा परेमा संस्थाले त्यस्तो उजुरी फछ्र्यौट गरेको निर्णय,
- अनलाइन दर्ता प्रमाणपत्र,
- नयाँ संस्थाको तर्फबाट अनलाइन दर्ता गर्न आवश्यक चेकलिष्ट अनुसारका कागजातहरु ।

## सूचनाको नमूना:-

"सूचना तथा प्रसारण विभागमा दर्ता नं....मिति.. मा दर्ता रहेको ......(संस्थाको नाम) द्धारा सञ्चालित www........ नामक अनलाइन सञ्चारमाध्य यस संस्थाबाट हस्तान्तरण हुने हुँदा संस्थासँग सम्बन्धित कुनै श्रमजिवि पत्रकारहरुको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति....(१५ दिन) भित्र यस संस्थाको ठेगाना..., सञ्चालकको मोवाइल नम्बर... वा इमेल.... मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने ब्यहोरा अनुरोध छ ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
२०७५

CamScanner

## अनलाइन सञ्चारमाध्यमको दर्ता प्रमाणपत्र रद्द गर्न आवश्यक कागजातहरु:-

- नियमावलीको अनुसूची -८(छ) बमोजिमको निवेदन,
- अनलाइन सञ्चारमाध्यमको दर्ता खारेज गर्ने र सो को लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा तीन वटा पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशन गर्ने सञ्चालक समितिको निर्णय,
- अनलाइन सञ्चारमाध्यमको दर्ता खारेज गर्ने व्यहोराको पन्ध्र दिने सूचना कम्तीमा तीनवटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित (पहिलो पटक प्रकाशन भएको सूचना भुक्तान भएपछि दोस्रो पटक सूचना प्रकाशन र दोस्रो पटक प्रकाशन भएको सूचनाको अवधि भुक्तान भएपछि तेस्रो पटक सूचना प्रकाशन भएको हुनुपर्ने)
- सूचना प्रकाशित भएको मितिले पैंतालीस दिनभित्र उक्त अनलाइन सञ्चारमाध्यम विरुद्ध कुनै उजुरी नपरेको वा परेमा संस्थाले त्यस्तो उजुरी फछ्र्यौट गरेको निर्णय,
- पछिल्लो आ.व. को संस्था नवीकरण, कर चुक्ता र अडिट रिपोर्ट,
- अनलाइन दर्ता प्रमाणपत्र ।

## सूचनाको नमूना:-

"सूचना तथा प्रसारण विभागमा दर्ता नं....मिति.. मा दर्ता रहेको ......(संस्थाको नाम) द्धारा सञ्चालित www........ नामक अनलाइन सञ्चारमाध्यमको दर्ता खारेज गरिने हुँदा यस सञ्चारमाध्यमसँग सम्बन्धित कुनै श्रमजिवि पत्रकारहरुको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति....(१५ दिन) भित्र यस संस्थाको ठेगाना..., सञ्चालकको मोवाइल नम्बर... वा इमेल.... मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
२०७५

CamScanner